सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३०२ ♦ २०८३ साल साउन ४ सोमवार ♦ 20 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

# फिफा वर्ल्डकप-२०२६ : स्पेन बने विश्वविजेता



**खबर दर्पण समाचारदाता**

**साउन ३ गते, बर्दिवास**

फेरान टोरेजका लागि यस विश्वकपमा गरेको पहिलो गोल जीवनकै अमूल्य गोल भएको छ । सो गोलले स्पेनलाई दोस्रो पटक फुटबलको विश्वविजेता बनायो ।

स्थानापन्न खेलाडीका रूपमा मैदान प्रवेश गरेका टोरेजले अतिरिक्त समयमा गोल गरेपछि स्पेनले आइतबार राति अर्जेन्टिनालाई १-० ले हराएर विश्वकप फुटबल प्रतियोगिता, २०२६ को उपाधि जितेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र फिफा प्रमुख जियानी इन्फान्टिनोले स्पेनका कप्तान रोड्रीलाई विश्वकप ट्रफी प्रदान गर्नुभयो । स्पेनको यस जितसँगै अमेरिका, क्यानडा र मेक्सिकोमा करिब पाँच हप्ता चलेको विश्वकपको २३ औँ संस्करण सकिएको छ ।

स्पेन यसअघि सन् २०१० मा विश्वकप च्याम्पियन बनेको थियो । प्रशिक्षक लुइस डी ला फुएन्टेकै प्रशिक्षकत्वमा स्पेनको यो तेस्रो उपाधि हो । उहाँको प्रशिक्षकत्वमा सन् २०२३ मा युइएफए नेसन्स लिग र सन् २०२४ मा युरोपियन कप जितेको थियो । हारसँगै अर्जेन्टिनाको लगातार दोस्रो पटक विश्व च्याम्पियन भएर चार पटक च्याम्पियन बन्ने ब्राजिलको कीर्तिमान बराबरी गर्ने सपना पूरा भएन । यसै गरी अर्जेन्टिना चौथो पटक विश्वकप उपाधि जितबाट चुकेको हो । यसअघि अर्जेन्टिनाले सन् १९७८, १९८६ र २००२ मा उपाधि हात पारेको थियो ।

स्पेनले विश्व च्याम्पियन बन्ने क्रममा कुल आठ खेलमा एक गोल मात्र बेहोर्‍यो । जुन विश्वकपमा सबैभन्दा कम गोल बेहोरेर विजेता बनेको कीर्तिमान बनेको छ । स्पेनको पुरुष टिम मात्र होइन, महिला टिम पनि अहिलेको विश्व र युरोपेली च्याम्पियन हो । न्युयोर्क, न्युजर्सीस्थित मेटलाइफ रङ्गशालामा भएको फाइनलमा निर्धारित समयको खेल गोलरहित बराबरीमा टुङ्गिएपछि उपाधि विजेताको छिनोफानोका लागि ३० मिनेटको अतिरिक्त समय थप गरिएको थियो । अर्जेन्टिनाले अतिरिक्त समय एक खेलाडीको बेफाइदामा खेलेको थियो । खेलको इन्जुरी समयमा इन्जो फर्नान्डेजले दोहोरो पहेँलो कार्डसहित रातो कार्ड पाएपछि अर्जेन्टिना १० खेलाडीमा सीमित भएको हो । फर्नान्डेज विश्वकपको फाइनलमा रातो कार्ड पाउने छैटौँ खेलाडी बन्नुभएको छ । उहाँ बाहिरिएको केही क्षणपछि लामिने यमालको फ्री किक अर्जेन्टिनाका गोलरक्षक इमिलियो मार्टिनेजले दर्शनीय ढङ्गले जोगाएपछि खेल अतिरिक्त समयमा गएको थियो । अतिरिक्त समयको सातौँ मिनेटमा निको विलियम्सले बल गोलपोस्टमा पनि छिराउनुभएको थियो । तर रेफ्रीले फाउलको सङ्केत गरेपछि सो गोलले मान्यता पाएन । यद्यपि १०६ औँ मिनेटमा निकोले उत्कृष्ट कटब्याक पाससहित टोरेजलाई बल मिलाइदिनुभयो । सोही पासमा टोरेजले गोल गर्नुभएको हो । यसअघि स्पेनले खेल अवधिभर दबाब बनाएको थियो । स्पेनले अर्जेन्टिनाको गोलपोस्टमा लक्षित २० प्रहार गरेको थियो । अर्जेन्टिनाको तर्फबाट स्पेनको गोलपोस्टमा पहिलो प्रहारै खेलको अतिरिक्त समयमा मात्र आएको थियो । स्पेनका गोलरक्षक मार्टिनेजले १२ प्रहार रोक्नुभयो । जुन विश्वकपको फाइनलमा कीर्तिमान पनि भएको छ । यस जितसँगै स्पेनको विजयी यात्रा ३९ खेल पुगेको छ । यस क्रममा स्पेनले २९ जित र नौ बराबरीमा खेलेको छ ।

बाँकी पृष्ठ ३ मा

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

Affiliated with MADHESH UNIVERSITY (MU)

KSHIRESHWAR MULTIPLE COLLEGE (KMC)

Kshireshwarnath Municipality-6, Sakhuwa Mahendranagar, Dhanusha

Hurry Up ! Admission Open

We Secure Your Future !

BBA
BACHELOR OF BUSINESS ADMINISTRATION
(व्यवस्थापन)

BPAM
BACHELOR IN PUBLIC ADMINISTRATION & MANAGEMENT
(जनप्रशासन)

फारम भर्ने मिति: २०८३ श्रावण १७ गते सम्म
प्रवेश परीक्षा: २०८३ श्रावण २१ गते
कार्यालय खुल्ने समय:- विहान ९:०० बजे देखि बेलुका ५:०० बजे सम्म।

सम्पर्क स्थान: श्री राष्ट्रिय मा.वि. सखुवा बजार

Contact No.- 9804808490, 9744338539, 9844298185, 9815876880

kshireshwarmultiplecollege@gmail.com

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, [illegible]तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,

✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प

✓ फलेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# मधेशको कैलाश बन्दै टुटेश्वरनाथ, धार्मिक पर्यटन प्रवर्द्धनमा बढ्दै सबैको चासो

अजयकुमार साह

**साउन ३ गते, बर्दिवास**

महोत्तरीको बर्दिवास नगरपालिका-५ स्थित टुटेश्वरनाथ महादेव मन्दिर धार्मिक आस्थासँगै मधेश प्रदेशको प्रमुख धार्मिक पर्यटन गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ। साउन महिनाभरि लाखौं श्रद्धालु पुग्ने यस शिवधामलाई व्यवस्थित रूपमा विकास गर्न सर कार, स्थानीय तह र सरोकारवाला निकायले चासो बढाएका छन्। चुरे पहाडी शृङ्खलाको काखमा रहेको टुटेश्वरनाथ महादेव मन्दिर मा साउन लागेसँगै नेपालका विभिन्न जिल्ला तथा भारतको बिहार , झारखण्ड, उत्तर प्रदेशलगायतका स्थानबाट श्रद्धालुको भीड लाग्ने गरेको छ। काँवरमा जल बोकेर 'बोलबम'को जयघोष गर्दै आउने भक्तजनका कारण यस क्षेत्रलाई पछिल्लो समय 'नेपालको बाबाधाम' र 'मधेशको कैलाश'का रूपमा समेत चिनिन थालेको छ।



बर्दिवास नगरपालिकाको संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिका अध्यक्ष हिरा गौतमले टुटेश्वरनाथलाई राष्ट्रियस्तरको धार्मिक गन्तव्यका रूपमा विकास गर्न दीर्घकालीन गुरुयोजना आवश्यक रहेको बताउनुभयो। उहाँले साउने मेलामा लाखौं श्रद्धालु आउने भएकाले सडक, पार्किङ, विश्रामस्थल, सरसफाइ, स्वास्थ्य सेवा र सुरक्षा व्यवस्थापनलाई प्राथमिकतामा राखेर काम भइरहेको जानकारी दिनुभयो।

महोत्तरी क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य प्रमोद महतोले धार्मिक सम्पदा संरक्षण र पर्यटन प्रवर्द्धनलाई एकसाथ अघि बढाउनुपर्नेमा जोड दिनुभयो। "टुटेश्वरनाथ केवल धार्मिक आस्थाको केन्द्र होइन, मधेशको सांस्कृतिक पहिचान र आर्थिक समृद्धिको



आधार पनि हो," उहाँले भन्नुभयो।

मधेश प्रदेश सरकारका श्रम तथा यातायातमन्त्री शारदादेवी थापाले प्रदेश सरकारले टुटेश्वरनाथको पूर्वाधार विकासका लागि निरन्तर सहयोग गरिरहेको बताउनुभयो। उहाँले धार्मिक पर्यटन विस्तारसँगै स्थानीय रोजगारी र आर्थिक गतिविधि बढ्ने विश्वास व्यक्त गर्दै स्थानीय सरकार र सरोकारवाला निकायबीच समन्वय आवश्यक रहेको उल्लेख गर्नुभयो।

स्थानीय बासिन्दा तथा अवकाशप्राप्त शिक्षक वासुदेव महतोका अनुसार टुटेश्वरनाथ केवल शिवालय मात्र नभई मिथिलाको सांस्कृतिक इतिहाससँग जोडिएको स्थल हो। माण्डवीगङ्गा, वरुणमती र स्वर्णमती नदीसँग सम्बन्धित जनश्रुति तथा धार्मिक परम्पराको संरक्षण गर्नुपर्ने आवश्यकता रहेको उहाँको भनाइ छ।

टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समितिका अध्यक्ष राजाराम यादवका अनुसार यस वर्ष साउने मेला भदौ १२ गते साउने पूर्णिमासम्म सञ्चालन हुनेछ। यसपालि साउन सौरमास गणनाले शुक्रबार देखि सुरु भएको छ। चन्द्रमास गणनाले भदौ १२ गते साउने पूर्णिमासँगै साउन सकिने छ ।

सौरमास र चन्द्रमास गणनाले साउनभरि लाग्ने मेला यसपालि भदौ १२ गते साउन पूर्णिमासम्म रहने टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समितिका अध्यक्ष यादवले बताउनुभयो । मेलालाई लक्षित गरी मन्दिर परिसरको सरसफाइ, रङ्गरोगन, तीर्थयात्रीका लागि स्टल निर्माण तथा अन्य आवश्यक व्यवस्थापनको काम पूरा गरिएको उहाँले जानकारी दिनुभयो।

बर्दिवास-५ का वडाध्यक्ष काहारमान स्याङवाले पछिल्ला वर्षमा विभिन्न राजनीतिक, सामाजिक तथा धार्मिक क्षेत्रका विशिष्ट व्यक्तित्वको आगमन बढ्दै गएको बताउँदै यसले टुटेश्वरनाथको राष्ट्रिय महत्व झन् बढाएको उल्लेख गर्नुभयो।

धार्मिक विश्वासअनुसार महाभारतकालमा अर्जुनले यही स्थानमा भगवान् शिवबाट पाशुपतास्त्र प्राप्त गरेको जनश्रुति छ। यद्यपि यसको वैज्ञानिक पुष्टि हुन बाँकी रहे पनि धार्मिक आस्था, प्राकृतिक सौन्दर्य र सांस्कृतिक महत्त्वका कारण टुटेश्वरनाथ आज मधेश प्रदेशको प्रमुख धार्मिक पर्यटन केन्द्रका रूपमा उभिँदै गएको छ। स्थानीयवासीले अब यसको योजनाबद्ध संरक्षण र विकासमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान स्थापित गर्नुपर्ने आवश्यकता औंल्याएका छन्।



## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) | ४१-५४०२३२ |
| महेन्द्रनगर,धनुषा | ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१ ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

खबर दर्पण
राष्ट्रिय दैनिक



# स्पेनलाई च्याम्पियन बनाएका १९ वर्षीय यमाल



स्पेनलाई फिफा विश्वकप २०२६ को उपाधि जिताउन महत्वपूर्ण भूमिका खेलेका युवा खेलाडी हुन्, लामिन यमाल । १९ वर्षीय यमालले डेब्यू विश्वकपमा आफुलाई स्थापित गर्न सफल भए । बार्सिलोनाका स्टार यमालले स्पेनको उपाधि यात्रामा निर्णायक भूमिका खेल्दै विश्वकपकै धेरै नयाँ कीर्तिमान कायम गरे । उनले साउदी अरेबियाविरुद्ध गोल गर्दै विश्वकपमा गोल गर्नै इतिहासकै सबैभन्दा कान्छो स्पेनिस खेलाडीको कीर्तिमान बनाए ।

यो गोलले उनलाई विश्वकप इतिहासकै सबैभन्दा कम उमेरमा गोल गर्ने खेलाडीहरूको सूचीमा पनि सामेल गरायो । १८ वर्षको उमेरमा आफ्नो पहिलो विश्वकप गोल गर्दै उनले लियोनल मेसी र क्रिस्टियानो रोनाल्डोको रेकर्डलाई पछि पारे । उनी कम उमेर मा गोल गर्ने खेलाडीको नवौं स्थानमा छन् ।

यमालले आफ्नो रचनात्मकता, गति र दबाबका बीचमा पनि देखाएको शान्त प्रदर्शनले खेलहरूलाई निरन्तर प्रभाव पारिरहे । उनको यही प्रदर्शनले स्पेनलाई एक कठिन प्रतियोगिता पार लगाउन र अन्ततः आफ्नो दोस्रो फिफा विश्वकप उपाधि उचाल्न मद्दत गऱ्यो ।

यमालले यस प्रतियोगितामा ३० पटक सफल ड्रिबल गर्दै सबैभन्दा बढी ड्रिबल गर्ने खेलाडी बने । विश्वका कयौँ ठूला स्टारहरूलाई पछि पार्दै उनले स्पेनको विश्वकप यात्राभरि विपक्षीको रक्षापंक्तिलाई निरन्तर भत्काउन सक्ने आफ्नो क्षमता प्रदर्शन गरे ।

१९ वर्ष र १ दिनको उमेरमा यमाल फिफा विश्वकपको नकआउट खेलमा पेनाल्टी जित्ने गत ६० वर्षयताकै दोस्रो सबैभन्दा कान्छो खेलाडी बने । यस सूचीमा उनीभन्दा अगाडि सन् १९९८ को विश्वकपमा यो सफलता हात पारेका इंग्ल्यान्डका लिजेन्ड माइकल ओवेन मात्र छन् ।

उनले आफ्ना सहकर्मी खेलाडी पाउ कुबार्सीसँग मिलेर अर्को एउटा अनौठो कीर्तिमान पनि खडा गरे । फुटबल इतिहासमा फिफा विश्वकपको सेमिफाइनल खेलमा सुरुआती ११ मा पर्ने विश्वका जम्मा सात किशा खेलाडीहरूमध्ये यो जोडी पनि सामेल भयो । यसले प्रतियोगिताका ठूला खेलहरूमा स्पेनले आफ्नो नयाँ पुस्ताप्रति देखाएको बलियो विश्वासलाई प्रस्ट पार्छ ।

यमालको यो प्रदर्शनले उनी अन्तर्राष्ट्रिय फुटबलमा युवा खेलाडीका रूपमा उदाएको कुरालाई पुष्टि गरेको छ। उनले खेलको सबैभन्दा ठूलो मञ्चमा पनि उत्कृष्ट नतिजा दिन सक्छन् भन्ने प्रमाणित गरे र स्पेनलाई विश्व विजेता बनाउने एक मुख्य नायक बने । यमालले विश्वकपअघि नै छ वटा उपाधि जितिसकेका थिए । विश्वकप उपाधि जितेसँगै उपाधि संख्या ७ पुगेको छ । तीमध्ये पाँच उपाधि उनले आफ्नो बाल्यकालदेखिको क्लब बार्सिलोनाबाट उपाधि जितेका उनले एकपटक स्पेनिस टोलीबाट युरोपियन च्याम्पियन बनेका छन् ।

उनीसँग तीन राष्ट्रिय टोलीमध्ये एउटा छनोट गर्ने अवसर थियो । उनले आफ्नो जन्मदेश स्पेन, बुबाको देश मोरक्को वा आमाको जन्मदेश इक्वेटोरियल गिनीमध्ये कुनै एक टोलीबाट खेल्न सक्थे । अन्ततः उनले स्पेनको राष्ट्रिय टोली रोजे ।

बार्सिलोनाको सियुटाट एस्पोर्टिभा जोन ग्याम्परमा भएको ट्रायल खेलमा यमालले शानदार ह्याट्रिक गरेका थिए । उनको प्रदर्शनले क्लबका निर्णयकर्ताहरूलाई यति प्रभावित बनायो कि अन्य खेलाडीलाई जस्तै दुई-तीन पटक पुनः परीक्षणमा बोलाउनुपरेन । क्लबले त्यही क्षण उनलाई अनुबन्ध गर्ने निर्णय गरेको थियो ।

गत यूरो प्रतियोगितामा खेल्दा यमाल केवल १६ वर्षका थिए । उनले १५ वर्ष, ९ महिना, १६ दिनको उमेरमा बार्सिलोनाको सिनियर टोलीबाट डेब्यु गरेका थिए । यससँगै उनी बार्सिलोनाको इतिहासमा पहिलो टोलीबाट खेल्ने सबैभन्दा कम उमेरका खेलाडी बने ।

८ सेप्टेम्बर २०२३ मा स्पेनको राष्ट्रिय टिमबाट जर्जियाविरुद्ध इरो २०२४ छनोट खेलमा डेब्यु गर्दा यमाल १६ वर्ष ५७ दिनका थिए । स्पेनले त्यो खेल ७-१ ले जितेको थियो । उनले त्यही खेलमा गोल पनि गर्दै स्पेनको राष्ट्रिय टोलीको इतिहासमा सबैभन्दा कम उमेरमा गोल गर्ने खेलाडीको रेकर्ड बनाएका छन् ।

८ अक्टोबर २०२३ मा उनले ला लिगाको इतिहासमै सबैभन्दा कम उमेरमा गोल गर्ने खेलाडीको कीर्तिमान पनि बनाएका थिए । ग्रानाडाविरुद्ध २-२ को बराबरी खेलमा उनले १६ वर्ष ८७ दिनको उमेरमा गोल गरेका थिए । यसअघि फब्रिक ओलिंगाको नाममा रहेको रेकर्ड उनले ११ दिनले तोडे ।

१६ वर्ष, ११ महिना र २ दिनको उमेरमा यमाल युरोपियन च्याम्पियनसिपमा खेल्ने सबैभन्दा कम उमेरका खेलाडी बने । त्यसको २४ दिनपछि उनले फ्रान्सविरुद्ध सेमिफाइनलमा शानदार कर्लिङ गोल गर्दै युरो इतिहासकै सबैभन्दा कम उमेरका गोलकर्ता बन्ने अर्को ऐतिहासिक उपलब्धि हासिल गरे ।

स्पेनले त्यो खेल २-१ ले जितेको थियो । २०२४-२५ सिजनमा यमालले बार्सिलोनाका लागि सबै प्रतियोगितामा १८ गोल र २५ असिस्ट गर्दै उत्कृष्ट प्रदर्शन गरेका थिए ।-एजेन्सीको सहयोगमा

# एमबाप्पे को सर्वाधिक गोल र गोल्डेन बुटमा कीर्तिमान

फिफा विश्वकप सुरु हुनुअघि साविक उपविजेता फ्रान्सलाई सबैभन्दा बलियो दाबेदारको रुपमा हेरिएको थियो । स्टार खेलाडीहरूको जमघट रहेको फ्रान्सेली टोलीको नेतृत्वमा २७ वर्षीय किलियन एमबाप्पे थिए ।

समूह चरणदेखि नकआउट चरणसम्म फ्रान्सको प्रदर्शन पनि जबर जस्त थियो । प्रिक्वाटरफाइनलमा पाराग्वे विरुद्ध केही संघर्ष गर पनि सेमिफाइनलसम्म आइपुग्दा एमबाप्पेले सही टिमलाई नेतृत्व दिएका थिए ।

तर अल युरोपियन सेमिफाइनलमा स्पेनसँग २-० ले पराजित हुँदै फ्रान्स उपाधि होडबाट बाहिरियो ।

एमबाप्पेले सन् २०१८ मा १९ वर्षकै उमेमरमा फ्रान्सबाट विश्वकप उपाधि जितेका थिए । त्यसको चार वर्षपछि कतारमा विश्वकप हुँदा एमबाप्पे परिपक्क भइसकेका थिए र फ्रान्सलाई फाइनल पुऱ्याउँदै गोल्डेन बुट अवार्ड जिते ।

फाइनलमा अर्जन्टिना विरुद्ध ह्याट्रिक गरेपनि पेनाल्टीसुटआउटमा फ्रान्स अभागी बन्दा एमबाप्पे लगातार विश्वकप ट्रफी उचाल्नबाट बन्चित भए ।

पहिलो विश्वकपमा ४ गोल गरेका उनले २०२२ मा सर्वाधिक ८ गोल गर्दै व्यक्तिगत अवार्ड जितेका थिए ।

आफ्नो तेस्रो विश्वकपमा एमबाप्पे कप्तान नै बने । २७ वर्षको उमेरमा फ्रान्सको कप्तानी गर्दा भने एमबाप्पेले टिमलाई फाइनल पुऱ्याउन सकेनन् ।

लियोनल मेसी र क्रिस्टियानो रोनाल्डोको पुस्तापछिका उत्कृष्ट खेलाडीको रूपमा देखिएका एमबाप्पेले लगातार दुई पटक विश्वकप फाइनल खेल्दै एक पटक विश्वकपको स्वाद चाखिसकेका छन् । तर उत्तर अमेरिकाको तीन राष्ट्रमा संयुक्त रूपमा आयोजना भएको अहिलेसम्मकै ठूलो फिफा विश्वकपमा भने एमबाप्पे उपाधिको नजिक समेत पुग्न सकेनन् ।

**लगातार दोस्रो गोल्डेन बुट**

टिमबाट उपाधि जित्न नसकेपनि यस पटक एमबाप्पेको व्यक्तिगत प्रदर्शन भने गज्जबको रह्यो । फाइनल पुग्न नसकेपछि तेस्रो स्थानको लागि इंग्ल्यान्ड विरुद्धको खेलमा २ गोल गर्दै एमबाप्पेले गोल स्कोरिङमा नयाँ कीर्तिमान बनाए ।

उनी २३औं संस्करणको विश्वकपमा सर्वाधिक गोलकर्ता बने । यसअघि पनि उनले गोल्डेन बुट अवार्ड जितिसकेका छन् र



लगातार दुई पटक गोल्डेन बुट जित्ने पहिलो खेलाडी बने ।

यसपटक उनले डबल डिजिटमै गोल स्कोर गरे । कूल ८ खेल खेल्दै १० गोल र ४ असिस्ट गरे ।

तेस्रो स्थान र फाइनल खेल अघिसम्म एमबाप्पे सर्वाधिक गोल गर्नेमा असिस्टका आधारमा मेसी भन्दा पछि थिए । मेसी र एमबाप्पेको समान ८ गोल थियो भने मेसीले ४ र एमबाप्पेले ३ असिस्ट गरेका थिए ।

तर तेस्रो स्थानको खेलमा एमबाप्पेले २ गोल र १ असिस्ट गरे । फाइनलमा मेसीले स्पेन विरुद्ध गोल गर्न सकेनन् ।

एमबाप्पेले लगातार दोस्रो पटक सर्वाधिक गोलकर्ता बनेर दुई पटक गोल्डेन बुट अवार्ड जिते ।

एमबाप्पे समूह चरणमा पहिलो खेलमै सेनेगल विरुद्ध २ गोल गर्दै सानदार सुरुवात गरे । त्यसपछि इराक विरुद्ध पनि सोही लय कायम राख्दै २ गोल गरे भने नर्वे विरुद्ध गोल गर्न सकेनन् ।

राउण्ड अफ ३२ मा स्वीडेन विरुद्ध पनि २ गोल नै गरेका एमबाप्पेले पाराग्वे विरुद्ध प्रिक्वाटरफाइनलमा पेनाल्टीमा निर्णायक गोल गरे । यस्तै क्वाटरफाइनलमा मोरक्को विरुद्ध पनि एक गोल गरे । सेमिफाइनलमा गोल गर्न नसकेका उनले तेस्रो स्थानको लागि भएको खेलमा २ गोल गरे ।

समूह चरणमा नर्वे विरुद्ध एमबाप्पेले गोल नगरेपनि उसमान डेम्बेलेले ह्याट्रिक गर्दै ४-१ को जित दिलाएका थिए । यस्तै सेमिफाइनलमा स्पेन विरुद्ध पनि एमबाप्पे गोल गर्न असफल रहे ।

-एजेन्सीको सहयोगमा

# फिफा वर्ल्डकप-२०२६.....

**ट्रफीसँगै ५१ मिलियन**

स्पेनले उपाधि जितेपछि सुनको ट्रफीसँगै ५१ मिलियन अमेरिकी डलर पुरस्कार पायो । उपविजेता अर्जेन्टिनाले ३४ मिलियन डलर मा चित्त बुझायो । यसैगरी तेस्रो भएको इङ्ग्ल्यान्ड ३० मिलियन र चौथो स्थानमा रहेको फ्रान्सले २८ मिलियन डलरको हकदार बनेका थिए । यसै गरी पाँचौंदेखि आठौं स्थानमा रहने टिमलाई २० मिलियन डलर, नवौंदेखि १६ औं स्थानमा रहने टिमलाई १६ लाख डलर, १७ देखि ३२ औं स्थान बनाउने टिमलाई १२ मिलियन डलर र समूह चरणबाट बाहिरिने प्रत्येक टिमलाई १० मिलियन डलर प्रदान गरिएको थियो ।

**विश्वकपका नायक :**

सर्वश्रेष्ठ युवा खेलाडी

**पाउ कुबार्सी (स्पेन)**

सर्वश्रेष्ठ गोलरक्षक (गोल्डेन ग्लोभ्स विजेता)

**उनाइ सिमन्स (स्पेन)**

सर्वश्रेष्ठ खेलाडी (गोल्डेन बल विजेता)

**रोड्री (स्पेन)**

**सर्वाधिक गोलकर्ता (गोल्डेन बुट)**

किलियन एम्बापे १० गोल ( फ्रान्स)

-एजेन्सीको सहयोग

# मुक्त हरवा चरवाको १० बुँदे बर्दिबास घोषणापत्र जारी

**खबर दर्पण समाचारदाता**
**साउन ३ गते, बर्दिवास**

मुक्त हरवा चरवा समुदायको जलवायु न्याय, सामाजिक समावेशीकरण तथा भूमि र वन अधिकार सुनिश्चित गर्नुपर्ने लगायतका १० बुँदे 'बर्दिबास घोषणापत्र-२०८३' जारी गर्दै मधेस प्रदेशस्तरीय दलित अधिकार सम्मेलन सकिएको छ ।



आदिवासी जनजाति तथा स्थानीय समुदायका लागि समर्पित अनुदान संयन्त्र (डिजिएम) नेपालको सहयोग र राष्ट्रिय दलित नेटवर्क नेपालको आयोजनामा महोत्तरीको बर्दिबासमा सम्पन्न मुक्त हरवा चरवा लक्षित प्रदेशस्तरीय जलवायु न्यायमा आधारित दलित अधिकार सम्मेलनले सो घोषणापत्र जारी गरेको हो ।

घोषणापत्रमा मुक्त हरवा चरवा समुदायको वास्तविक पहिचान, प्रमाणीकरण, सामाजिक समावेशीकरण तथा जलवायु न्यायसँग सम्बन्धित अधिकारलाई व्यवहारमै कार्यान्वयन गर्न सरकारसँग माग गरिएको छ ।

यस्तै हरवा चरवा लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण निर्देशिका-२०८०' तत्काल राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याउनुपर्ने, भूमिहीन तथा बसोबासविहीन परिवारको वैज्ञानिक रूपमा भूमि पहिचान गरी व्यवस्थित बसोबासको व्यवस्था गर्नुपर्ने तथा मधेस प्रदेशका आठवटै जिल्लामा तथ्याङ्क सङ्कलन र परिचयपत्र वितरण अभियान सञ्चालन गर्नुपर्ने माग घोषणापत्रमा गरिएको छ ।

घोषणापत्रमा नेपालले कार्यान्वयन गरिरहेको उत्सर्जन न्यूनीकरण कार्यक्रम तथा लाभ बाँडफाँट योजनामा मुक्त हरवा चरवा समुदायको समानुपातिक सहभागिता सुनिश्चित गर्नुपर्ने, वनमा आधारित लाभ वितरणमा पारदर्शिता कायम गर्न र सामुदायिक वन व्यवस्थापनमा समुदायको प्रतिनिधित्व बढाउनुपर्नेमा मागसमेत घोषणापत्रमा गरिएको छ ।

घोषणापत्रमा नागरिकता, शिक्षा, स्वास्थ्य बिमा, सामाजिक सुरक्षा तथा सम्मानजनक रोजगारीका लागि छुट्टै बजेट व्यवस्था गर्नुपर्ने, साहुको चर्को ब्याजको ऋणबाट समुदायलाई मुक्त गराउन कानुनी व्यवस्था कडा बनाउनुपर्ने तथा सहकारी र कृषि व्यवसायमार्फत आयआर्जनका अवसर विस्तार गर्नुपर्ने उल्लेख गरिएको छ ।

हरवा चरवा महिलाको नीति निर्माण, अनुगमन समिति तथा निर्णय प्रक्रियामा कम्तीमा ५० प्रतिशत सहभागिता सुनिश्चित गर्नुपर्ने, बाढी, डुबान र खडेरी जस्ता जलवायुजन्य विपद्बाट प्रभावित बस्तीलाई स्थानीय अनुकूलन योजना तथा विपद् व्यवस्थापन कार्यक्रममा प्राथमिकता दिनुपर्ने माग पनि घोषणापत्रमा समेटिएको छ ।


मधेस प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा उल्लेख गरिएका प्रतिबद्धता र घोषणापत्रका माग कार्यान्वयनको नियमित समीक्षा गर्न प्रदेश सरकार, सम्बन्धित मन्त्रालय र समुदायका प्रतिनिधि सम्मिलित संयुक्त अनुगमन संयन्त्र गठन गर्नुपर्ने प्रस्ताव पनि घोषणापत्रमा अघि सारिएको छ ।

अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) ले सन् २०१३ मा गरेको अध्ययनअनुसार मधेस प्रदेशका आठ जिल्लामा एक लाखभन्दा बढी हरवा चरवा रहेको अनुमान छ । नेपाल सरकारले २०७९ साउन २ गते हरवा चरवा मुक्तिको घोषणा गरे पनि अधिकांश परिवार अझै भूमिहीन, नागरिकताविहीन तथा आधारभूत सेवाबाट वञ्चित रहेको भन्दै सम्मेलनले व्यावहारिक कार्यान्वयनमा जोड दिएको छ ।

सम्मेलनमा मधेस प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्यामप्रसाद पटेल, प्रतिनिधिसभा सदस्य गणेशबहादुर विश्वकर्मा, आठवटै जिल्लाका हरवा चरवा समुदायका प्रतिनिधि, मानव अधिकारकर्मी, नीति विज्ञ, नागरिक समाज तथा सञ्चारकर्मीको सहभागिता रहेको थियो ।

मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् ।
"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

# जनकपुरमा पाँच वर्षीया बालिकामाथि धारिलो हतियार प्रहार



**खबर दर्पण समाचारदाता**
**साउन ३ गते, बर्दिवास**

धनुषाको जनकपुरधाम उपमहानगरपालिका-२२ बसबिट्टीमा पाँच वर्षीया बालिकामाथि धारिलो हतियार प्रहार गरी हत्याको प्रयास भएको छ।

स्थानीय अवधेश रायका २४ वर्षीय छोरा आकाश राय उर्फ सदानन्द रायले आफ्नै काकाकी छोरी लक्ष्मी रायलाई घरमा बोलाई घाँटी, टाउको तथा शरीरका विभिन्न भागमा धारिलो हतियार प्रहार गरेको आरोप लागेको छ। गम्भीर घाइते बालिकालाई तत्काल उद्धार गरी उपचारका लागि विराटनगर पठाइएको छ।

स्थानीयका अनुसार शनिबार दिउँसो भएको घटनापछि बालिकालाई रक्ताम्य अवस्थामा घरभित्रको सन्दुक (काठको दराज) मा राखिएको थियो। उनीसँगै खेलिरहेकी अर्की बालिकाले परिवारलाई जानकारी दिएपछि घटना बाहिर आएको हो।

प्रारम्भिक रूपमा पारिवारिक जमिन विवादका कारण घटना भएको आशंका गरिएको छ। घटनापछि आरोपी सदानन्द राय फरार रहेका छन् भने प्रहरीले उनको खोजी तीव्र पारेको जनाएको छ।

सधै र सबैको लागि खबर खोज्ने अभियान
खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

तपाईहरु संग कुनै गजल.कविता छ भने,फोटो सहित कमेन्ट गर्नुहोस् ,तपाईको गजल. कविता भोलीको खबर दर्पण राष्ट्रिय दैनिक पत्रिकामा शनिबार प्रकाशित हुनेछ ।

नोट : कृपया अगाडि हप्ता पर्ने साथीहरू नपठाउनुहोला ।
*अनि बेलुकाको ६ बजे भित्र सम्म प्राप्त भएको गजल.कविता मात्र लिनेछौ ।
*स्कूलका छात्र.छात्रालाई विशेष प्राथमिकता दिनेछ ।

थप जानकारीको लागि
अजय कुमार साह,धर्वेन्द्र कुमार यादव"यदुवन्शी"
(९८०७६७५१२५,९८४४०२५१८४,९८५४०२९०५३,९८०७८५०५८१)

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,